फोन नं. : ०६७ ४३०१०२/१०३

फलेवास नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

खानीगाउँ, पर्वत

# विज्ञप्ती

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (COVID-19) को रोकथाम, नियन्त्रणका लागि नगर कार्यपालिकाले विभिन्न रणनीति तयार गरी कार्य गर्दै आएको छ । नेपालमा कोरोना भाइरसको ९ जना संक्रमित देखिएसंगै फलेवास नगरपालिकामा विदेशवाट र जिल्ला वाहिरवाट आउने व्यक्तिहरुको निगरानी गर्दै भविश्यमा आउने महामारीमा नगरवासीहरु सचेत र जागरुक भएका छन भने पछिल्लो समयमा ८७ वटा टोलमा क्वारेन्टाइन व्यवस्थापन र वडा तहमा ५५ क्वारेन्टाइन वेड तयार भई १० जना वसिरहेका छन ।

नगर क्षेत्रमा पर्वत जिल्ला अस्पतालको प्राविधिक सहयोगमा विदेशवाट आएका ९ जनाको स्वाब परिक्षणको लागि पोखरा पठाईएकोमा नौ जनालाई नै संक्रमण नदेखिदा हामी उत्साहित भएका छौं ।

देशका विभिन्न नाकाहरुवाट मानिसहरु भित्रिरहेको अवस्थाले जोखिम वढाई रहेको छ । तसर्थ, विदेश, प्रभावित क्षेत्र, छिमेकी जिल्ला तथा पालिकावाट आउनु भएका व्यक्तिहरुलाई आफु, आफ्नो परिवार र अन्य व्यक्तिहरुको सुरक्षाका लागि अझै सजगता अपनाउन, क्वारेन्टाइनमा वसोवास गर्न, सवै नगरवासीहरुलाई सामाजिक दुरी कायम गर्न, धैर्य रहन, आफु र आफ्नो परिवारको स्वास्थ्यमा ख्याल गर्न र सरकारले अगाडी सारेको लकडाउनलाई पूर्णरुपमा कार्यान्वयन गरी सहयोग पुर्‍याउन टोल विकास संस्था, सामाजिक व्यक्तित्व, सवै नगरवासी आमावुवा दाजुभाई तथा दिदिवहिनीहरुमा हार्दिक अपिल गर्दछौं ।

मिति : २०७६ साल चैत्र २६ गते

पदमपाणि शर्मा
नगर प्रमुख

Phone no: 067-430102/430103/430104

Website : www.phalewasmun.gov.np, Email : phalewashnagarpalika@gmail.com